## (गुठीका सदस्य-सचिव श्री कुन्दमणि दीक्षितबाट धन्यवाद-ज्ञापन)

**आदरणीय अध्यक्षज्यू, आजका सम्मानित 'ब्यौला'हरू, विद्वान् प्राध्यापक बालकृष्ण पोखरेलज्यू तथा उपस्थित विद्वान्-विदुषीहरू,**

यसपटक फेरि उपन्यासले नै पालो पायो पुरस्कृत हुने। तर कृष्ण धरावासीज्यूको 'राधा' नेपाली उपन्यास फाँटमा नयाँ परिवेशमा उत्रेको छ भन्ने पढ्नेहरूले अनुभव गर्नुभएकै होला। यस्तो नौलो किसिमको उपन्यास प्रस्तुत गर्नुभएकोमा म धरावासीज्यूमा बधाई ज्ञापन गर्दै धन्यवाद भन्छु।

भैरव रिसाल दाइ, जगदम्बा-श्रीले पहिलोपटक पत्रकारिता क्षेत्रमा तपाईंमार्फत पदार्पण गर्न पायो। म तपाईंलाई धन्यवाद अर्पण गर्दछु र एउटा पत्रकार भएका नाताले म आफू पनि गौरवान्वित भएको छु भनी निर्धक्क निवेदन गर्दछु।

आदरणीय प्रा. बालकृष्ण पोखरेलज्यू, जगदम्बा र तपाईंको पुरानो नाता सम्बन्ध हो। तपाईंको पहिलो बृहदाकार कृति (म्याग्नम् ओपस्) 'पाँचसय वर्ष' सर्वप्रथम प्रकाशन गर्ने संस्था जगदम्बा प्रकाशन नै हुनपाएको थियो। अनि सर्वप्रथम तपाईंको सम्मान गर्ने पनि जगदम्बा नै हुनुहुन्थ्यो- रानी जगदम्बा। त्यो पुरानो सम्बन्धलाई जलप लाउन त्यति टाढाबाट आज यहाँ आइदिनुभएकोमा तपाईंमा सादर धन्यवाद भन्छु।

सभामा उपस्थित विद्वद्वर्ग, दसैंका बेला तर छुट्टी नभएका समयमा यसरी उल्लेख्य सङ्ख्यामा यहाँ उपस्थित भइदिनुभएकोमा गुठीपरिवार तपाईंहरू प्रति कृतज्ञ छ। मेरो धन्यवाद स्विकार्नुस्।

यो सभास्थल उपलब्ध गराएर मात्र होइन, अरू सबै व्यवस्थापकीय सहयोग गरेकोमा म रातो बङ्गला स्कूल-प्रशासन र कर्मचारीवर्गमा धन्यवाद ज्ञापन गर्दछु। त्यस्तै जगदम्बा प्रेसबाट पनि गुठीले धेरै सहयोग पाएको छ। प्रेसका महाप्रबन्धकलगायत प्रेसपरिवारलाई धेरै धन्यवाद छ।

आजको सभा सञ्चालन गरिदिने मेरा मित्र वसन्त थापा (ऋतुराज) लाई त धन्यवाद मात्र दिएर पुग्दैनथ्यो तर त्यसभन्दा बढी के भन्ने हो, शब्द नपाएकोले धन्यवादै मात्र भनेर म उम्कन्छु।

यो औपचारिक धन्यवादज्ञापन गरिसकेपछि आज मलाई यस विद्वद्सभामा एउटा अर्को कुरा भन्न मन लागेको छ।

मदन पुरस्कार गुठी र मदन पुरस्कार पुस्तकालय दुइटा अलगअलग स्वशासित संस्था हुन्। अब यी दुईलाई आफ्नो स्वतन्त्र अस्तित्व कायमै राखे तापनि एउटै छाता-संस्था 'मदन पुरस्कार'अन्तर्गत ल्याउने हो कि भन्ने विचार भैरहेको छ। गुठीले आफ्नो साबिक काम नेपाली भाषासेवीहरूलाई सम्मानित गर्ने कार्य गर्दै गएको छ। तर पुस्तकालयले भने आफ्नो साबिक काम पुस्तक, पत्रपत्रिकाको सङ्कलन र संरक्षण गर्ने कार्यका अतिरिक्त अन्य महत्त्वपूर्ण कार्यहरू पनि साथसाथै गर्न थालेको छ। उदाहरणार्थ– कम्प्युटर चलाउन चाहिने नेपाली युनिकोड निर्माण गर्ने काम गऱ्यो यसले, त्यस्तै 'फ्रि सफ्टवेर' नेपालीनक्स उपलब्ध गरायो। त्यसैप्रकार नेपाली 'स्पेलचेक' र 'थेसारस' र कोशको निर्माणमा पनि मपुपु धेरै अगाडि बढिसकेको छ। मपुपुले त्यसलाई निरन्तरता दिँदै अरू कार्य पनि साथसाथै लग्नेछ। अब, मदन पुरस्कार गुठीले नेपाली भाषा र साहित्यका क्षेत्रमा गरेजस्तै सम्मान नेपाली साइबर क्षेत्रमा, नेपाली भाषालाई कम्प्युटरअनुरूप बनाउन उल्लेखनीय निर्माण गर्ने स्रष्टालाई सम्मान गर्नेतिर मदन पुरस्कार पुस्तकालय उन्मुख भएको

छ। यसका प्रक्रियागत कामकुरा हामी बिस्तारै सार्वजनिक गर्दै जाउँला तर सिद्धान्ततः हामी यो कार्य गर्न कृतसङ्कल्पित छौं भनी म यही सभामा प्रतिबद्धता जाहेर गर्दछु ।

अन्त्यमा पाहुनाहरूका लागि केही व्यञ्जन पस्केका छौं, त्यो ग्रहण गरिदिनुहोला भन्ने आग्रह गर्छु । हाम्रो आतिथ्य स्वीकार गर्नुभएकोमा पुनः धन्यवाद !